स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र निर्माताले चाडपर्व लक्षित प्रदर्शनका लागि राम्रै रस्साकस्सी गरेको पाइन्छ। चाडपर्वमा प्रदर्शनमा आएका चलचित्रले प्रायः राम्रो व्यापार गर्ने भएकाले पनि यस्तो देखिएको होला। यसपालिको दशैंको फूलपातीपछि तिहारमा पनि नेपाली चलचित्रबीच त्रिपक्षीय भिडन्त हुनेभएको छ। तीन चलचित्र 'सोल्टिनी', 'वरिष्ठ बलराम' र 'मैझारो' प्रदर्शनमा आउने भएका छन्।

**आजको विचार...**



भ्रामक...

(दुई पेजमा)

अजयकृष्ण पराजुली



२० वर्षअघिको 'कल्ट क्लासिक' फिल्म 'मुगलान'को शीर्षकमा फेरि एकपटक फिल्म निर्माण भएको छ। सोमबार यस फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी पुष १० गतलाई प्रदर्शन मिति घोषणा गरिएको छ। यो मितिमा अभिनेता प्रदीप खड्का अभिनीत फिल्म 'एक्लो' पनि प्रदर्शन हुने चर्चा छ। यद्यपि, यसको प्रदर्शन मिति घोषणा भइसकेको छैन। आशिष ढकालले लेखन तथा निर्देशन गरेको यो फिल्ममा प्रभात र स्मारिकासहित श्री शिवांशु, दिनेश डिसी लगायतको अभिनय रहेको छ।

❐ वर्ष ३१ ❐ अंक ८३ ❐ २०८२ असोज २८ गते मंगलबार 14 october 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मेक्सिकोमा बाढीका कारण ४४ को मृत्यु

(रासस/क्यूएनए)

**मेक्सिको सिटी,** असोज २७/मेक्सिकोमा भारी वर्षा पछि आएको बाढीका कारण मृत्यु हुनेहरूको सङ्ख्या ४४ पुगेको छ । बाढीले देशभर अनपेक्षित विनाश गरेको जनाइएको छ । मेक्सिकन अधिकारीहरूले विशेष गरी पाहाडी क्षेत्रहरू, हिमश्रङ्खला लगायतका संरचना पानीको कारण प्रभावित भएको र राहतकर्मीहरू राहत वितरणका लागि हर सम्भव प्रयास गरिरहेको जनाएका छन् । मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबामले सामाजिक सञ्जाल एक्स मार्फत मौसमी अवस्थाका कारण टाढा रहेका समुदायहरूमा एयरलिट गर्न अनुमति दिएको जनाउनु भएको छ । फसेका बासिन्दाहरूलाई उद्धार गर्न र प्रभावित समुदायहरूमा खाना पुर्याउन लगभग दश हजार सेना तैनाथ गरिएको छ । मेक्सिकोले सन् २०२५ मा असामान्य प्रकृतीको भारी वर्षाको अनुभव गर्नुका साथै राजधानी मेक्सिको सिटीमा अहिले सम्मको सबैभन्दा बढी वर्षा रेकर्ड गरिएको थियो । अधिकारीहरूले उष्ण कटिबन्धीय आँधीबेहरी रेमण्ड र प्रिस्किल्लाका कारण प्रशान्त तटका क्षेत्रहरूलाई नजिकबाट निगरानी गरिरहेका छन् ।

# दोहोरो करको बोझ कम गर्न स्थानीय तह र सरोकारवाला निकायबिच समन्वय गर्नुपर्नेमा जोड

रामचन्द्र रायमाझी

**पाल्पा,** असोज २७/दोहोरो करको बोझ कम गर्न स्थानीय तह र सरोकारवाला निकायबिच समन्वय गर्नुपर्नेमा जोड दिइएको छ । घरेलु तथा साना उद्योग कार्यालय पाल्पाको आयोजनामा सोमबार तानसेनमा आयोजना गरिएको उद्योग तथा वाणिज्य व्यवसाय दर्ता/नविकरण सम्बन्धी स्थानीय तह र सरोकारवाला निकायसँगको अन्तर्क्रिया कार्यक्रमका सहभागीहरुले दोहोरो करको बोझ कम गर्नुपर्नेमा जोड दिएका हुन् ।

दोहोरो करका कारण सेवाग्राहीहरु मारमा पर्ने गरेको भन्दै उनीहरुले त्यसको अन्त्य गर्नुपर्नेमा जोड दिए । उद्योगी तथा व्यवसायीहरुले स्थानीय तह, घरेलु कार्यालय र करदाता सेवा कार्यालयमा फर्म दर्ता र नविकरण गर्नुपर्दा दोहोरो मारमा पर्नु परेकाले त्यसलाई एकै ठाउँबाट गर्ने व्यवस्था मिलाउन तीनै तहका सरकारबिच समन्वय हुन आवश्यक रहेको सहभागीहरुले औल्याए । कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी, पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापा, रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारी, निस्दी गाउँपालिकाकी उपाध्यक्ष तिरनकुमारी श्रेष्ठ, तानसेन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरी, नगरपालिकाका आर्थिक शाखा प्रमुख मधुसुधन घर्ती, बगनासकाली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत यादव न्यौपाने, माथागढी गाउँपालिकाका कमल ढकाल, रम्भा गाउँपालिकाकी प्रशासन शाखा प्रमुख विमला गैरे लगायतले कानुनी अड्चनका कारण उद्योगी व्यवसायीहरु करको दोहोरो मारमा परेकाले त्यसतर्फ प्रदेश र संघीय सरकारले ध्यान दिनुपर्ने बताए ।




-बाँकी अन्तिम पेजमा...

## मुटुलाई माया गरौं ।

**मुटुलाई स्वस्थ राख्न:**

-नियमित व्यायाम गरौ, मोटोपन घटाऔं,

-नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं

-धूम्रपान र मद्यपान नगरौं,

-ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,

-पर्याप्त मात्रामा सुतौ.

-सक्रिय जिवनशैली अवलम्बन गरौं,

मुटुको नियमित परीक्षण गरौं !

नेपाल सरकार

विज्ञापन बोर्ड

# पर्यटन प्रवर्द्धनका लागि साहसिक खेलमा लगानी गर्दै स्थानीय तह

**गुल्मी,** असोज २७/पछिल्लो समयमा स्थानीय पालिकाले जिल्लामा 'जिपलाइन' र 'स्काई साइक्लिङ'का क्षेत्रमा लगानी गर्न थालेका छन् । युवावर्गमा साहसिक खेलप्रति आकर्षण बढ्न थालेसँगै यहाँका पालिका पर्यटन प्रवर्द्धनका लागि नयाँ-नयाँ पूर्वाधार निर्माणमा लाग्न थालेका हुन् ।




साहसिक खेलप्रति जिल्लामा स्थानीय युवा, पाका उमेर समूहसम्मका व्यक्तिको रुचि बढ्न थालेको छ । जिल्लामा स्थानीय पालिकाले साहसिक खेलका रूपमा रहेको जिपलाइन र स्काई साइक्लिङका लागि लाखौं रकम खर्चिएर पूर्वाधार निर्माणमा जुटेका हुन् । जिल्लामा पहिलोपटक छत्रकोट गाउँपालिकाममा जिपलाइन निर्माण भइसकेको छ । छत्रकोट-३ अन्तर्गत रहेका छत्र देवालय मन्दिर र लुम्छाको भगवती मन्दिर जोड्ने गरी एक हजार ८० मिटर लामो जिपलाइन निर्माण गरिएको हो । छत्रकोट गाउँपालिकाले एक वर्षदेखि जिपलाइन सञ्चालनमा आएको जनाएको छ । 'रुरु रेसुङ्गाको धार्मिक आश, छत्रकोटमा बसौं बास' भन्ने नाराका साथ गाउँपालिकाले छत्रकोटभित्र रहेका पर्यटकीय स्थानलाई जिपलाइन सेवामार्फत माध्यमबाट प्रचारप्रसार गर्न थालेको गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेले बताए । उनका अनुसार गाउँपालिका र लुम्बिनी प्रदेशको समपुरक बजेट अन्तर्गत ८६ लाख ७३ हजार १४४ लागतमा उक्त जिपलाइन निर्माण गरिएको हो । पछिल्लो पटक मदाने गाउँपालिकामा पनि जिपलाइन र स्काई साइक्लिङ निर्माण गरिसकिएको छ । मदाने-७ स्थित भनभनेको रोल्मा तिखेचुलीमा पर्यटन पूर्वाधार कार्यक्रमअन्तर्गत जिपलाइन र स्काई साइक्लिङसहित विभिन्न पर्यटकीय पूर्वाधारहरु निर्माण गरिएको गाउँपालिका कार्यालयले जनाएको छ । सालझण्डी-ढोरपाटन सडक, मदनभण्डारी राजमार्गसँगै पर्यटकीय क्षेत्रका रूपमा रहेको कङ्गे देउरालीलाई समेटेर पर्यटन प्रवर्द्धन गर्ने मुख्य योजना रहेको मदाने गाउँपालिका अध्यक्ष महेन्द्रबहादुर कुवँरले बताए । गुल्मी, अर्घाखाँची र प्युठानको सिमा नजिकै रोल्माको तिखेचुलीमा जिपलाइन र स्काई साइक्लिङलाई व्यावसायिक रूपमा अघि बढाउन थालिएको उनले उल्लेख गरे । मदानेमा ७४ लाख २५ हजार २९२ लागतमा ३२० मिटर जिपलाइन र ९० मिटर डवलस्काई साइक्लिङ निर्माण गरिएको गाउँपालिकाका उपाध्यक्ष सरिता खड्काले जानकारी दिइन् । त्यसैगरी, रेसुङ्गा नगरपालिकाले पनि धार्मिक एवं पर्यटकीयस्थल रेसुङ्गाको गर्जुरा क्षेत्रमा निर्माण गर्न थालेको जिपलाइन र स्काई साइक्लिङको काम अन्तिम चरणमा पुगेको छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## अस्थिरताका अन्त्यका लागि हाम्रो दायित्व

नेपालमा राजनीतिक अस्थिरता केवल नेताको चरित्र वा दलको कमजोरीको परिणाम होइन, यो हाम्रो राजनीतिक संस्कृति, सोच र व्यवहारको गहिरो रोग हो । संविधानको सात वर्षपछि पनि स्थायित्वको अनुभूति गर्न नसक्नु, सरकारको पटक–पटक परिवर्तन, गठबन्धनको केन्द्रित राजनीति यस रोगका लक्षण हुन् । प्रश्न उठ्छ – अब यो अन्त्य कसरी सम्भव छ ? राजनीतिक स्थायित्वका लागि दलहरूको आन्तरिक लोकतन्त्र सुनिश्चित गर्नैपर्छ । दलभित्र निर्णय केही व्यक्तिहरूमा सीमित हुँदा योग्य र निष्ठावान कार्यकर्ताको मूल्यांकन हुन सकेको छैन् । आन्तरिक निर्वाचन प्रणाली बलियो नहुँदा असन्तुष्टि बढेको छ, जुन अस्थिरताको प्रमुख कारण हो । जनताले नीतिगत राजनीतिलाई प्राथमिकता दिनुपर्ने बेला आएको छ । जात, धर्म, क्षेत्र वा व्यक्तिगत लाभमा आधारित मतको संस्कृति बदल्न सकेनौं भने अस्थिरता कहिल्यै अन्त्य हुँदैन् । मतदाताले नीति, दृष्टिकोण र दीर्घकालीन प्रतिवद्धताका आधारमा नेतृत्व रोज्न थाले अस्थिरता स्वतः घट्छ । गलतलाई गलत र सहीलाई सही भन्ने मानसिकताको विकास नहुँदासम्म मुलुकले स्थिरताको बाटो पहल्याउँन सक्दैन् भन्ने कुरा सबैमा चेतना हुन जरुरी छ ।

सत्ता कसको हो को सत्तामा जान्छ त्यो गौण विषय हो । मुलुकले विकास खोजेको छ । अस्थिरता होइन, स्थिरता खोजेको छ । जनताका आम समस्या समाधान गर्नुपर्ने अहिलेको आवश्यकता हो । तर हिजो सत्तामा भएकाहरू बाहिरिने र सत्ता बाहिर भएकाहरू सत्तामा जाने कामले निरन्तरता पाउनेबाहेक मुलुकले केही पाउन सकेको छैन । अहिलेको आवश्यकता भनेको विकास र समृद्धि हो । आम जनताले यही चाहेका छन् । जनता र देशको हितमा राजनीतिक गर्ने हो भने यस दिशामा राजनीतिक दलहरुले गम्भीर भएर सोच्न जरुरी छ ।

राज्यका संस्थाहरू स्वतन्त्र र सक्षम हुनुपर्छ । न्यायालय, निर्वाचन आयोग र अख्तियार जस्ता सवैधानिक निकायहरू दलको प्रभावबाट मुक्त रहँदा मात्रै शासनमा उत्तरदायित्व सुनिश्चित हुन्छ । स्थायित्वको मुटु भनेको “विश्वास” हो – जनताको विश्वास नेतामाथि र नेताको विश्वास प्रणालीमाथि । जब नेतृत्वले स्वार्थभन्दा राष्ट्रलाई अगाडि राख्छ, तब मात्र राजनीतिक स्थिरता सम्भव हुन्छ । अहिले समय आएको छ– नेपालले साँचो अर्थमा नीति, नैतिकता र निष्ठाको राजनीतिलाई पुनर्जीवित गर्न । यहीबाट राजनीतिक अस्थिरताको अन्त्यको यात्रा सुरु हुनेछ ।

## Opinion @ Social Network

एक परिचयले हजारौं साथी बनाइदिन्छ, एक मुस्कानले हजारौं पिडा लुकाइदिन्छ
जिन्दगिको बाटो हिंड्दा समालेर हिंड्नु पर्छ
नत्र एक गल्तीले हजारौ सपना जलाईदिन्छ ।

*(रोमा शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Roma.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रामक सूचनाको आडमा अदृश्य आक्रमण



**अजयकृष्ण पराजुली**

*हाल नेपालमा उत्पन्न सामाजिक विचलन र अन्योलको प्रमुख कारक भनेकै मिस–इन्फर्मेसन, डिस–इन्फर्मेसन र इल–इन्फर्मेसन हो । जसले गर्दा छोटो समयमै मानवीय व्यवहार र आचरणलाई देवत्वकरण र क्षणभरमै दानवीकरण गरेको हामी देखिरहेका छौं र जसको फलस्वरुप समाजमा द्वेष फैलन गई सामाजिक सद्भाव भाइचारामा धुमिल स्थिति सिर्जना गरेको छ । र, यो विश्व आर्थिक मञ्चले दिएको चेतावनी केवल सैद्धान्तिक रूपमा मात्र नभई, व्यवहारमै छर्लङ्ग देखिदैछ । सामाजिक सञ्जाल, टिकटक, युट्युब र अनलाइन पोर्टलहरूमा दैनिक रूपमा फैलिरहेका असत्य र अतिरञ्जित सूचनाले नागरिक बीच अविश्वास र भ्रमको वातावरण सिर्जना गरेको छ। एउटा फोटो वा भिडियोको सन्दर्भ परिवर्तन गरेर “सत्य” भनेर प्रस्तुत गर्ने प्रवृत्तिले समाजलाई क्रमशः द्रुवीकृत र आक्रोशित बनाइरहेको छ । र, फलस्वरुप नागरिक–नागरिक बीच विश्वासको संकट उत्पन्न भएको अवस्था छ । नेपालमा डिजिटल पहुँच बढे पनि तथ्य जाँच संस्कृतिको विकास भएको छैन । विभिन्न अध्ययनले जनाए अनुरुप करिब ९० प्रतिशत भन्दा बढी नेपाली सामाजिक सञ्जाल प्रयोगकर्ताले भ्रामक सूचना देख्ने वा सुन्ने गरेको अनुभव गरेका छन् । भ्रामक सूचनाको अर्को गहिरो प्रभाव राजनीति र सामाजिक एकतामाथि परेको देखिन्छ ।*

हालसालै मात्र विश्व आर्थिक मञ्च (वर्ल्ड इकोनोमिक फोरम) ले प्रकाशित गरेको ग्लोबल रिस्क रिपोर्ट २०२४ मा मिस-इन्फर्मेसन एन्ड डिस-इन्फर्मेसन अर्थात् गलत र भ्रामक सूचनालाई विश्वकै पहिलो नम्बरको ठूलो जोखिमका रूपमा पहिचान गरेको थियो। नभन्दै यसको असर समग्र विश्व परिवेशमा फैलिँदै गएको देखिन्छ र नेपाली समाज पनि यसको असरबाट अछुतो रहन सकेको छैन । आजको डिजिटल युगमा सूचना सेकेन्ड भरमा संसारभर छरपस्ट फैलिन्छ, सामाजिक सञ्जाल, अनलाइन समाचार पोर्टल र मेसेजिङ प्लेटफर्म मार्फत दैनिक हजारौं सूचनाहरू आदान-प्रदान भइरहेका छन्। तर तीमध्ये कतिपय सूचना गलत, झूटा वा दुराशयपूर्ण पनि हुन सक्छन् । यस्ता सूचनाहरूले समाजमा भ्रम, वैमनस्य र अविश्वास फैलाउने काम गर्दछन् । भ्रामक सूचनाका तीन रूप: मिस-इन्फर्मेसन, डिस-इन्फर्मेसन र इल-इन्फर्मेसनलाई सरल रूपमा यसरी बुझ्न सकिन्छ । मिस-इन्फर्मेसन भन्नाले अञ्जानमा गलत सूचना फैलाउने कार्य हो । यसमा सूचना दिने व्यक्ति वा माध्यमको उद्देश्य अरूलाई धोका दिने हुँदैन, तर तथ्य गलत हुन्छ । उदाहरणका लागि, कसैले पुरानो घटना वा तस्बिरलाई नयाँ घटना भनेर शेयर गर्नु वा अपुष्ट तथ्यलाई साँचो ठानेर पठाउनु मिस-इन्फर्मेसन हो । यस्ता सूचनाले भ्रम फैलाउँछन्, तर उनीहरूको उद्देश्य कपटपूर्ण हुँदैन । डिस-इन्फर्मेसन भनेको जानाजान गलत वा बनावट सूचना प्रसारण गर्ने वा सूचनालाई आफूअनुकूल तोडमोड गरेर सम्प्रेषण गर्ने कार्य हो । यसले समाजमा जनमतलाई प्रभावित पार्ने, कसैको प्रतिष्ठा ध्वस्त पार्ने वा राजनीतिक लाभ लिन खोज्ने उद्देश्य राख्छ । उदाहरणका लागि, कुनै व्यक्ति वा दल विरुद्ध झूटा समाचार बनाई प्रचारप्रसार गर्नु, बनावट भिडियो वा तस्बिर मार्फत भ्रम फैलाउनु यी सबै डिस-इन्फर्मेसनका रूप हुन् । इल-इन्फर्मेसन भन्नाले साँचो सूचना भए पनि दुराशयपूर्वक प्रयोग गरी अरूको हानि पुर्‍याउने सूचना जनाउँछ । यस्ता सूचनामा तथ्य सही भए पनि त्यसको प्रयोग गलत उद्देश्यका लागि गरिन्छ । उदाहरणका रूपमा, कसैको गोपनीय निजी जानकारी वा पुराना संवेदनशील विवरणहरू सार्वजनिक गरेर बदनाम गर्ने कार्य इल-इन्फर्मेसन हो । यदि सूचनाको सत्यता र स्रोतमाथि नागरिकको विश्वास कमजोर भयो भने, त्यसको असर केवल मिडिया वा राजनीतिमा मात्र होइन, सम्पूर्ण सामाजिक स्थायित्वमाथि पर्छ । जुन कुरा वर्तमान अवस्थामा स्पस्ट रूपमा नेपाली समाजमा देख्न सकिन्छ । हाल नेपालमा उत्पन्न सामाजिक विचलन र अन्योलको प्रमुख कारक भनेकै मिस-इन्फर्मेसन, डिस-इन्फर्मेसन र इल-इन्फर्मेसन हो । जसले गर्दा छोटो समयमै मानवीय व्यवहार र आचरणलाई देवत्वकरण र क्षणभरमै दानवीकरण गरेको हामी देखिरहेका छौं र जसको फलस्वरुप समाजमा द्वेष फैलन गई सामाजिक सद्भाव भाइचारामा धुमिल स्थिति सिर्जना गरेको छ । र, यो विश्व आर्थिक मञ्चले दिएको चेतावनी केवल सैद्धान्तिक रूपमा मात्र नभई, व्यवहारमै छर्लङ्ग देखिदैछ । सामाजिक सञ्जाल, टिकटक, युट्युब र अनलाइन पोर्टलहरूमा दैनिक रूपमा फैलिरहेका असत्य र अतिरञ्जित सूचनाले नागरिक बीच अविश्वास र भ्रमको वातावरण सिर्जना गरेको छ। एउटा फोटो वा भिडियोको सन्दर्भ परिवर्तन गरेर “सत्य” भनेर प्रस्तुत गर्ने प्रवृत्तिले समाजलाई क्रमश: द्रुवीकृत र आक्रोशित बनाइरहेको छ । र, फलस्वरुप नागरिक-नागरिक बीच विश्वासको संकट उत्पन्न भएको अवस्था छ । नेपालमा डिजिटल पहुँच बढे पनि तथ्य जाँच संस्कृतिको विकास भएको छैन । विभिन्न अध्ययनले जनाए अनुरुप करिब ९० प्रतिशत भन्दा बढी नेपाली सामाजिक सञ्जाल प्रयोगकर्ताले भ्रामक सूचना देख्ने वा सुन्ने गरेको अनुभव गरेका छन् । यसरी असत्य सूचना दोहोरिएर प्रस्तुत हुँदा नागरिकहरूले सरकारी निकाय, मिडिया र यहाँसम्म कि विज्ञहरूको पनि भनाइमाथि शंका गर्न थालेका छन् । यो अवस्था सामाजिक विश्वासको संकट हो, जसले लोकतन्त्रको मेरुदण्ड नै कमजोर पार्न सक्छ । भ्रामक सूचनाको अर्को गहिरो प्रभाव राजनीति र सामाजिक एकतामाथि परेको देखिन्छ । निर्वाचनका अवधिमा उम्मेदवारहरू विरुद्ध बनावटी समाचार, सम्पादित भिडियो र झुटा प्रचार सामग्रीले मतदाताको सोच प्रभावित पारिरहेको छ साथै सही र गलत छुट्याउन गाह्रो छ । “जिरो टोलरेन्स टू डिस-इन्फर्मेसन एन्ड हेट स्पीच” नीति भए पनि यसको कार्यान्वयनमा चुनौती छन् । त्यसकै कारण राजनीतिक ुवीकरण बढ्दै गएको छ जसले संवादभन्दा विवाद र अविश्वासको संस्कृति जन्माइरहेको छ । नागरिकलाई सही सूचना सम्प्रेषण गर्ने जिम्मेवार निकायहरुमध्ये कतिपय नेपालको मिडिया समुदाय पनि मिस-इन्फर्मेसन, डिस-इन्फर्मेसन र इल-इन्फर्मेसनको समस्याबाट अछुतो रहन सकेका छैनन् । प्रेस काउन्सिल नेपालले बारम्बार सचेत गराए पनि, अफवाह र क्लिकबेट समाचारको बाढी रोकिएको छैन । यस सन्दर्भमा नेपालका मिडिया समुदायमा दुई तहको सुधार अत्यावश्यक देखिन्छ । पहिलो, मिडिया साक्षरता विस्तार, जसले नागरिकलाई सूचना छान्ने, स्रोत परीक्षण गर्ने र सत्यतथ्य पहिचान गर्ने क्षमता प्रदान गर्छ । दोस्रो, पत्रकारिताको नियमन र उत्तरदायित्व जसले सूचना सम्प्रेषणमा नैतिकता र प्रामाणिकताको संस्कृतिलाई बलियो बनाउँछ । यस्ता यावत् किसिमका समस्या समाधान हेतु मिडिया नियमन र पारदर्शिता नीति, आधिकारिक सूचना स्रोत चिनाउने अभ्यास, पुरस्कार र दण्डको व्यवस्था जस्ता कुराहरूमा राज्य लगायत समग्र जिम्मेवार निकायहरुले ध्यान दिनुपर्ने देखिन्छ । यसर्थ सही सूचना नै लोकतन्त्रको बलियो आधार हो । नेपाल जस्तो बहुभाषिक, विविधतापूर्ण र लोकतान्त्रिक देशमा गलत सूचना केवल अफवाह मात्र नभई सामाजिक विष पनि हो । यसले समुदाय बीचमा अविश्वास, वर्गीय तनाव साथै सामाजिक संस्थामाथि आघात पुर्‍याउँछ । सूचनाप्रविधिको वर्तमान युगमा सही र गलत बीचको रेखा एकदमै पातलो बन्दै गएको छ । जसले गर्दा आम नागरिकले सही र गलत बीचको भेद पहिल्याउनका निमित्त जटिल परिस्थिति सिर्जना भएको छ । त्यसैले प्रत्येक नागरिकले सूचना प्राप्त गर्दा स्रोत जाँच्ने, प्रमाण खोज्ने र सत्य-असत्य छुट्याउने चेतना विकास गर्न जरूरी छ । त्यसैगरी, मिडिया हाउसहरूले सूचना सम्प्रेषणमा नैतिकता र प्रामाणिकताको परीक्षण गर्नु जरूरी रहन्छ । गलत सूचना केवल एउटा व्यक्तिमा मात्र सीमित नरही सामाजिक र समग्र राष्ट्रकै हानिको कारण पनि बन्न सक्छ । यसर्थ सूचनाको जिम्मेवार उपभोग र प्रसारण नै लोकतान्त्रिक समाजको बलियो आधार हो । त्यसैले, सरकारले प्रभावकारी सूचना नीतिहरू निर्माण गर्नुपर्छ, मिडियाले जवाफदेही बन्नुपर्छ र नागरिकहरूले सूचना उपभोगमा सचेत र उत्तरदायी हुनुपर्छ । सही सूचना नै लोकतन्त्रको स्तम्भ हो । त्यो स्तम्भ ढल्यो भने, राज्य र समाज दुवै अस्थिर हुने खतरा बढ्दै जान्छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मन आनन्दित रहनेछ। सांस्कृतिक गतिविधिमा संलग्न हुन पाइएला। | **तुला** : राजकीय मामलाहरू सुल्झिनेछन्। सामुहिक कार्यमा सबैको सल्लाह लिनुहोस्। |
| **वृष** : सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ। राजनीतिक कार्यमा सफल भइनेछ। | **बृश्चिक** : कार्यशैलीमा बदलाव गर्नुपर्ला। सम्बन्धहरूमा सफलता मिल्नेछ। |
| **मिथुन** : दीर्घकालीन लाभ हुने कार्यको थालनी हुन सक्ला। कार्यमा उत्साह जगाउनेछ। | **धनु** : दाम्पत्य जीवन सुखमय रहनेछ। शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। |
| **कर्कट** : वैदेशिक रोजगारमा बाधा आउनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **मकर**: कार्य स्वयं गर्ने प्रयास गर्नुहोस्। सम्मानको लागि संघर्ष गर्नुपर्ला। |
| **सिंह**: लक्ष्यको लागि निरन्तर प्रयास गर्नुहोस्। नयाँ कार्य लाग्नाले आयमा वृद्धि हुनेछ। | **कुम्भ** : कार्यशैलीमा सफलता मिल्नेछ। सोचे अनुरूप कार्य गर्नमा सफल भइएला। |
| **कन्या** : व्यापारमा कानुन विपरीत कार्य नगर्नुहोला। मान सम्मान प्राप्त हुनेछ। | **मिन** : अनुभवी व्यक्तिहरूको साथ मिल्नेछ। भावनामा आएर भन्दा बुद्धिले लिनुहोला। |

# विज्ञान/सूचना प्रविधि

## नयाँ फोन किन्दा युएसबी केबल नपाईने



पछिल्लो केही समयदेखि स्मार्टफोनको प्याकेजिङ हलुका बन्दै गइरहेको छ । सुरुमा स्मार्टफोन कम्पनीहरुले नयाँ फोनको प्याकेटबाट चार्जिङ एडप्टर हटाए । अब चाहिँ यस्तो हटाउने पालो युएसबी केवलको आएको देखिएको छ । हालै सोसल मिडिया प्लाटफर्म रेडिटमा गरिएको एक पोस्टमा सोनीको Sony Sony Xperia VII को बक्समा चार्जर एडप्टर मात्र नभई युएसबी केवल समेत नरहेको खुलासा गरिएको छ । उक्त बक्सको पछाडि यसबारेमा प्रष्टसँग उल्लेख गरिएको छ । अर्थात् नयाँ फोनको बक्समा चार्जर एडाप्टर र युएसबी केबल समेत नराख्ने कदम कम्पनीले जानीबुझी उठाएको हो । अन्य कम्पनीले समेत सिको गर्नेछन् प्रविधि जगतमा सोनी कम्पनीले सदैव बजारका ट्रेण्डलाई फलो गर्दै आएको छ । त्यसैले उसले लिएको यो नयाँ निर्णय आगामी दिनमा स्मार्टफोन उद्योगका लागि नयाँ मानक सावित हुनसक्छ । भविष्यमा अन्य कम्पनीहरुले समेत यस ट्रेण्डमा सामेल हुँदै आफ्ना नयाँ फोनको प्याकेटमा युएसबी केबल दिन बन्द गर्ने सम्भावना छ । स्मरण रहोस् नयाँ फोनसँगै चार्जिङ एडप्टर दिन बन्द गर्ने चलन सुरुमा एप्पलले चलाएको थियो । पछि त्यसलाई सामसुङ लगायतका स्मार्टफोन कम्पनीहरुले पछ्याए र आफ्नो नयाँ फोनको प्याकेटबाट चार्जिङ एडप्टर हटाइदिए । त्यसैले अब स्मार्टफोन बक्समा युएसबी केवल समेत नराखिनु सामान्य कुरा हुनसक्नेछ । पर्यावरण बचाउन कि नाफा कमाउन ? हरेक नयाँ फोनसँगै युएसबी केबलसमेत दिने चलनलाई हटाउनुको उद्देश्य विद्युतीय फोहोर कम गर्नु तथा प्लास्टिक प्याकेजिङ समेत कम गर्नु रहेको तर्क स्मार्टफोन निर्माता कम्पनीहरुको छ । वास्तवमा अहिले अधिकांश स्मार्टफोन प्रयोगकर्तासँग पहिले नै प्रयोग गर्दै आएका युएसबी-सी केबल हुन्छन् । यस्तोमा फोनको बक्समा अर्को नयाँ केबल हाल्नु व्यर्थ रहेको बताइन्छ । तर, यसको अर्को पाटो के पनि छ भने यसरी नयाँ फोनसँगै दिनुपर्ने विभिन्न एक्सेसरीजहरु हटाउँदा स्मार्टफोन कम्पनीहरुको लागत घट्दछ र नाफा बढ्दछ । भलै यसो गर्दा कम्पनीहरुले एउटा फोनमा निकै थोरै रकम मात्र बचत गरेका हुनछन् । तर, करोडौं गोटा फोन बिक्री हुँदा उक्त बचत अर्बौं रुपैयामा पुग्दछ । साथै कम्पनीले चार्जिङ एडाप्टर तथा युएसबी केबललाई फोन एक्सेसरीरजको रुपमा छुट्टै बिक्री गरेर अतिरिक्त आर्जन पनि गर्दछन् । कमसल केबलबाट खतरा तपाईंसँग फोन चार्ज गर्नका लागि पहिले नै धेरैवटा युएसबी केवल हुनसक्छन् । तर ती सबै विश्वसनीय नहुन सक्दछन् । सस्तो मूल्य, अप्रमाणिकृत, कमसल तथा नन ब्राण्डेड केबलबाट सुस्त चार्जिङ मात्र होइन फोन धेरै तात्ने तथा शर्ट सर्किट जस्ता समस्या उत्पन्न हुन सक्दछन् । कतिपय प्रयोगकर्ताले लामो समयसम्म प्रयोग गरेसँगै केबल जल्ने वा कनेक्टर बिग्रिने जस्ता समस्या भोगेका हुन्छन् । यस्तोमा प्रयोगकर्ताले पटक पटक नयाँ केबल खरिद गर्नुपर्छ, जसले विद्युतीय फोहोरको मात्रा झनै बढ्दछ । अर्थात् वातावरणमैत्री हुने कम्पनीहरुको तर्क कमजोर सावित हुन्छ ।

**एप्पल र सोनीले सुरु गरेको ट्रेन्ड**

एप्पलले हालै लञ्च गरेको आफ्नो एयरपड्स मोडेलमा नयाँ युएसबी-सी केबल दिन बन्द गरेको छ । त्यस्तै सोनीले पनि आफ्नो स्मार्टफोनमा सोही कदम उठाएको छ । यदि इतिहास दोहोरिएमा निकट भविष्यमै सामसुङ लगायतका अन्य ठूला स्मार्टफोन कम्पनीहरु समेत यहीं बाटोमा अघि बढ्नेछन् । यद्यपि नयाँ फोनको प्याकेटबाट चार्जिङ एडप्टरपछि केबल समेत हटाउने कम्पनीहरुको कदमप्रति स्मार्टफोन प्रयोगकर्ताहरुको राय एकै प्रकारको छैन । कतिपय प्रयोकगर्ताहरुले अहिलेको समयमा जोकोहीसँग अतिरिक्त केबलहरु रहेको हुनाले हरेक नयाँ फोनको प्याकेटमा त्यसलाई राख्नु आवश्यक नरहेको बताएका छन् । तर, हजारौं रुपैयाँ खर्च गरेर नयाँ फोन खरिद गर्दा नयाँ तथा ब्रान्डेड चार्जिङ केबलसमेत हुनु आधारभूत आवश्यकताको रुपमा रहेको कतिपयको तर्क छ ।

*-अनलाइन खबर डटकम*

## अमेरिकी चिप प्रभुत्वलाई चीनको चुनौती




दशकौंदेखि विश्वव्यापी प्रविधि बजारमा अमेरिकाको प्रभुत्व रहे पनि चीन त्यसलाई परिवर्तन गर्न लागिपरेको छ । विश्वको दोस्रो ठुलो अर्थतन्त्र चीनले कृत्रिम बुद्धिमत्ता (एआई) र रोबोटिक्स मा ठुलो लगानी गरिरहेको हो । यसको महत्त्वपूर्ण पक्ष, यी अत्याधुनिक प्रविधिहरूलाई शक्ति दिने हाइएन्ड चिप्स उत्पादन गर्न बेइजिङले ठुलो मात्रामा लगानी गरिरहेको छ । सिलिकन भ्यालीस्थित एआई चिप कम्पनी एनभिडियाका प्रमुख जेन्सेन हुआङले गत महिना चीन चिप विकासमा अमेरिकासँग 'नानोसेकेन्डले मात्र पछाडि' रहेको चेतावनी दिएका थिए । चिनियाँ कम्पनीहरूको आक्रामक कदम सन् २०२४ मा चीनको तुलनात्मक रूपमा अपरिचित स्टार्टअप 'डिपसिक' ले ओपनएआईको च्याटजीपीटीको प्रतिस्पर्धी लन्च गरेर प्रविधि जगतमा तरङ्ग ल्यायो । यो मोडेल प्रमुख एआई मोडलहरू भन्दा निकै कम खर्चमा र कम हाइएन्ड चिपहरू प्रयोग गरेर प्रशिक्षित गरिएको बताइएको छ । यस घोषणाले केही समयका लागि एनभिडियाको बजार मूल्य पनि घटाएको थियो । यस वर्ष, चीनका ठुला प्रविधि कम्पनीहरूले एनभिडियालाई चुनौती दिने र स्थानीय कम्पनीहरूका लागि मुख्य उन्नत चिप आपूर्तिकर्ता बन्ने लक्ष्य राखेका छन् । सेप्टेम्बरमा, चिनियाँ सरकारी सञ्चार माध्यमले अलिबाबाद्वारा घोषणा गरिएको नयाँ चिपले अमेरिकी निर्यात नियमअन्तर्गत चीनको लागि बनाइएका एनभिडियाको एचटुओ सेमिकन्डक्टरहरूको कार्यसम्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने बताएको छ । हुवावेले पनि आफ्नो अहिलेसम्मको सबैभन्दा शक्तिशाली चिप्स सार्वजनिक गर्दै एआई बजारमा एनभिडियाको प्रभुत्वलाई चुनौती दिन तीन-वर्षे योजना अनावरण गरेको छ। अन्य चिनियाँ चिप विकासकर्ताहरूले पनि चाइना युनिकमजस्ता ठुला सरकारी व्यवसायहरूसँग प्रमुख ठेक्काहरू सुरक्षित गरेका छन् । बेइजिङस्थित क्याम्ब्रिकन टेक्नोलोजीज लाई पनि एनभिडियाका लागि महत्त्वपूर्ण सम्भावित प्रतिस्पर्धी मानिएको छ । एनभिडियाका प्रवक्ताले 'प्रतिस्पर्धा निर्विवाद रूपमा आइपुगेको' स्वीकार गरेका छन् । यद्यपि, केही विज्ञहरूले चिनियाँ चिप निर्माताहरूका दाबीहरूलाई सार्वजनिक तथ्याङ्कको अभाव र परीक्षण मापदण्डको कमीका कारण शङ्काको दृष्टिले हेरेका छन् । कम्प्युटर वैज्ञानिक जवाद हाज-याह्याका अनुसार, चिनियाँ सेमिकन्डक्टरहरू भविष्यवाणी गर्ने एआईमा अमेरिकासँग समान प्रदर्शन गरे पनि जटिल विश्लेषणमा पछि परेका छन् । तर, राष्ट्रिय ताइवान विश्वविद्यालयका कम्प्युटिङ प्रोफेसर चिया-लिन याङले चीनको ठुलो सङ्ख्यामा रहेका कुशल प्राविधिक उद्योगका कामदारहरूलाई कम आँकलन गर्न नमिल्ने बताउँछन् । उनले 'चीनको क्षमतालाई कम आँकलन गर्न सकिँदैन' भन्दै चीनले चाँडै नै यो अन्तर मेटाउन सक्ने विश्वास व्यक्त गरे ।

*-रातोपाटी डटकम*

## सबै समाचार एक ठाउँमा, तीन मिनेटमै भइन्छ अपडेट




कुन समाचार सही र कुन झुटो भनेर कत्तिको द्विविधामा पर्नु भएको छ ? समाचार पढ्न, सुन्न र हेर्न कति ठाउँ भौंतारिने गर्नु भएको छ ? मोबाइलभरि थरिथरिका एपहरू सङ्ग्रह गर्नु भएको छ? वा समाचारकै लागि धेरै टिभी च्यानल र युट्युबहरू चहार्नुपर्ने बाध्यताबाट हैरान पर्नु भएको छ ? यदि छ भने तपाईंले अब यो झन्झट बेहोर्नुपर्ने छैन ।

विश्वासिला, भरपर्दा र वर्षौंदेखिको लिगेसी बोकेका सञ्चार गृह र सञ्चार माध्यमका अङ्ग्रेजी र नेपाली दुवै भाषाका समाचार अब एउटै प्लेटफर्ममा सजिलै प्राप्त गर्न सक्नुहुने छ र समयको बचत गर्नु हुने छ। जसका लागि अब तपाईंले हातमा (Haatma) एप डाउनलोड गरे पुग्छ । व्यस्त समयमा जम्मा ६० शब्दमा ताजा सूचना अनि फुर्सद र रुचिअनुसार विस्तृत समाचार यसका मुख्य विशेषता हुन्। आम मानिसले मन पराएका तथा विश्वास गरेका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार गृह वा सञ्चारमाध्यमले उत्पादन गरेका समाचार अपडेट तत्काल प्राप्त गर्न, सोझै उनीहरूको आधिकारिक वेभ पेजबाट पढ्न, हेर्न र सुन्न पाउने सुविधा यो न्युज क्युरेटर एपले प्रदान गर्दछ । समाचार तथा सूचनामूलक सामग्री उत्पादन, प्रकाशन र प्रसारणमा दुई दशक लामो अभ्यास र अनुभव हासिल गरेको संस्था इन्टरफेस नेपाल नेटवर्कले आम दर्शक, पाठक तथा श्रोताहरूलाई सहज रूपमा समाचार उपलब्ध गराउन अनलाइन पोर्टल www.haatma.com र समाचार एप- ज्बबतक को औपचारिक आरम्भ गरेको छ । आम उपभोक्तालाई मिथ्या र भ्रामक समाचारबाट जोगाउने तथा सही, सत्य र तथ्यसहितका समाचार तत्कालै उपलब्ध गराउने माध्यम हो यो । स्वदेशका, विदेशका अनि तपाईं आफ्नै चासोका समाचार छानी छानी पढ्न पाइने सुविधासहितको यो एप आईओएस र एन्ड्रोइड दुवै भर्सनमा उपलब्ध छ । ज्बबतक एप न्युज एग्रिटेर मात्र नभई न्युज क्युरेटर पनि हो । एआई र ह्युमन इन्टेलिजेन्सको एकसाथ प्रयोगबाट एकत्रित गरिएका समाचार तथा भिडियोहरू तपाईंहरूले संक्षेप र विस्तृत दुवै रूपमा पाउन सक्नुहुने छ । नेपाली र अङ्ग्रेजी भाषामा समाचार उपलब्ध हुने यो एपमा अहिलेसम्म चार दर्जनभन्दा बढी सञ्चार गृह जोडिएका छन्, थप उत्तिकै सङ्ख्यामा जोडिने प्रक्रियामा छन् । यो एपमा नेपालकै पुरानो सरकारी सञ्चार गृह गोरखापत्र संस्थानका प्रकाशनदेखि राष्ट्रिय साप्ताहिक, दैनिक अनि अहिलेका नयाँ न्यु मिडिया सबैका समाचार एक पटकमा पढ्न पाउनु हुनेछ। आधिकारिक र तथ्य बिनाका समाचारहरूले भ्रम सिर्जना गरिरहेका बेला यसले केबल आधिकारिक र तथ्यसहितका समाचार उपलब्ध गराउने छ भने नकारात्मक समाचारलाई मात्रै नभई सकारात्मक अनि आशा जगाउने समाचारहरूलाई प्राथमिकताका साथ आम पाठकहरूलाई उपलब्ध गराउने छ । साथै यो एपमा आपत्कालीन अवस्थामा हामी जो कोहीलाई आवश्यक पर्ने निःशुल्क टेलिफोन नम्बरहरू पनि राखिएको छ, जसबाट समस्यामा परेका बेला जोसुकैलाई पनि सहयोग पुग्ने हाम्रो विश्वास छ । समग्रमा यो एप छिनछिनमा र अत्यन्तै कम समयमा अपडेट हुने न्युज प्लेटफर्म हो । जसले समाचारको भोक मेटाउँछ, सत्य-तथ्य भेटाउने तिर्खा मेटाउँछ र समाचारकै लागि अनेक एप खोलेर समयको बरबाद गर्ने बाध्यता हटाउँछ अनि विस्तृतमा जानकारी प्राप्त गर्ने चाहना पूरा गर्छ । *-हाम्रा कुरा डटकम*

## अब अन्तरिक्षमा हुनेछ युद्ध ? को छ शक्तिशाली ?



अमेरिकी सहर कोलोराडो स्प्रिङ्समा अप्रिल २०२५ मा भएको अन्तर्राष्ट्रिय अन्तरिक्ष उद्योग सम्मेलनले अन्तरिक्ष अब युद्ध क्षेत्रको दायरामा आएको स्पष्ट पारेको छ । अमेरिका यो क्षेत्रमा एक प्रमुख शक्ति हो र चीन पनि अत्याधुनिक स्याटेलाइट (उपग्रह)सहित एक ठूलो शक्ति बन्दै छ । चीनले अन्तरिक्षमा स्याटेलाइट नष्ट गर्नसक्ने हतियारहरूको परीक्षण गरिरहेको छ । रूसले पनि यो क्षमता प्रदर्शन गरिसकेको छ । डा. राजी राजगोपालन अस्ट्रेलियन स्ट्रेटेजिक इन्स्टिच्युटकी वरिष्ठ शोधकर्ता र अन्तरिक्ष सुरक्षा मामिलाकी विज्ञ हुन् । उनका अनुसार हाल पृथ्वीको कक्षामा ११ हजार ७०० सक्रिय स्याटेलाइट छन् । यी स्याटेलाइटहरू अरबौं मानिसहरूको दैनिक संचारका लागि महत्वपूर्ण छन् । तीमध्ये करिब ६३० स्याटेलाइट सेनाको सुरक्षा कारबाहीमा प्रयोग गरिन्छन् । लगभग आधा स्याटेलाइट सैन्य प्रयोजनका लागि हुन्, जसमा करिब ३०० अमेरिकाका छन् । रूस र चीनसँग पनि धेरै सैन्य स्याटेलाइट छन् । यी स्याटेलाइटहरूले सेनाको आँखा र कानको रूपमा काम गर्छन्, जसले उनीहरूको क्षमतालाई निकै बढाउँछ । सन्१९९० को खाडी युद्धमा स्याटेलाइटहरूको भूमिका महत्वपूर्ण थियो, जहाँ जीपीएसले सैनिकहरू, ट्यांक र बख्तरबन्द गाडीहरूलाई सही बाटो देखाउन मद्दत गर्‍यो । यसलाई विश्वको पहिलो अन्तरिक्ष युद्ध पनि भनिन्छ । स्याटेलाइट प्रक्षेपण र अन्तर्राष्ट्रिय नियम कुनै पनि देशले स्याटेलाइट प्रक्षेपण गर्नुअघि संयुक्त राष्ट्रकसंघको अन्तरिक्षसम्बन्धी संस्थालाई जानकारी दिनुपर्छ । स्याटेलाइटहरू आपसमा ठोक्किनबाट रोक्न सकियोस् भनेर यसमा स्याटेलाइटको प्रकार, प्रयोग, आयु र प्रक्षेपणस्थलको विवरण समावेश हुन्छ । यद्यपि, केही देशहरूले अहिले स्याटेलाइटको पूर्ण जानकारी दिन छोडेका छन् । सन् १९६२ मा अमेरिकाले अन्तरिक्षमा परमाणु बम परीक्षण गरेको थियो, जसले धेरै सञ्चार स्याटेलाइटहरूलाई क्षति पुर्‍याएको थियो । त्यसको पाँच वर्षपछि भएको बहुपक्षीय सन्धिले अन्तरिक्षमा परमाणु र रासायनिक हतियारहरूको तैनाथीमा प्रतिबन्ध लगाएको छ । अन्तरिक्षलाई सुरक्षित राख्न यो संस्थाले काम गरेको छ । तर पारम्परिक हतियारहरूको तैनाथी रोक्ने कुनै प्रावधान छैन, जुन एक ठूलो खतरा हो । पछिल्ला वर्षहरूमा अन्तरिक्षमा व्यावसायिक स्याटेलाइटहरूको संख्या बढेको छ । एलन मस्कको स्पेस एक्सजस्ता कम्पनीहरूका आठ हजारभन्दा बढी स्याटेलाइटहरू ब्रोडब्यान्ड इन्टरनेट र अन्य सुविधाहरूका लागि कार्यरत छन् । स्याटेलाइटहरूको बढ्दो संख्यासँगै देशहरूबीचको तनाव पनि बढिरहेको छ । जर्मन इन्स्टिच्युट फर इन्टरनेशनल एन्ड सेक्युरिटी अफेयर्सकी शोधकर्ता डा. जुलियन सुजका अनुसार, पृथ्वीमा हुने आक्रमण देख्न सकिन्छ । तर, अन्तरिक्षमा स्याटेलाइटहरूले के गरिरहेका छन् भन्ने जानकारी स्याटेलाइटबाट खिचिएका तस्बिर, रडार वा स्याटेलाइट ट्रयाकिङ डेटाबाट प्राप्त हुन्छ । शक्तिशाली राष्ट्रहरू र उनीहरूको अन्तरिक्ष क्षमता अमेरिका, रूस, चीन र भारतजस्ता देशहरूसँग ठूलो संख्यामा सेनाहरू छन् । सबैले अन्तरिक्षमा अन्य स्याटेलाइटहरू नष्ट गर्नसक्ने हतियारहरू विकास गरिसकेका छन् । यी हतियारहरू व्यापक संहारका हतियार नभएकाले अन्तरिक्षमा तिनको परीक्षणमा प्रतिबन्ध छैन । अन्तरिक्षमा सबैभन्दा ठूलो शक्ति अमेरिका हो । यसले सन् २००८ मा आफ्नै स्याटेलाइट नष्ट गरेको थियो । ३७ अन्तरिक्ष विमानजस्ता योजनाहरूमा लगानी गरिरहेको छ । यसले जीपीएसको विकल्पको रूपमा लेजर प्रविधि पनि विकास गरिरहेको छ । सन् १९५७ मा पहिलो स्याटेलाइट छोडेर अमेरिकालाई पछि पारेको भए पनि रूस अहिले आफ्नो अन्तरिक्ष कार्यक्रममा अमेरिकाभन्दा पछि छ । युक्रेन युद्धपछि लागेका प्रतिबन्धले पनि यसको योजनालाई असर पारेको छ । अमेरिकाको स्याटेलाइटमाथिको निर्भरतालाई रूसले आफ्नो कमजोरी ठानेर स्याटेलाइटलक्षित हतियारहरू विकास गरिरहेको छ ।

*-बाह्रखरी डटकम*

# रामपुरमा स्वास्थ्य कार्यक्रमको समीक्षा



**पाल्पा,** असोज २७/जिल्लाको रामपुर नगरपालिकामा स्वास्थ्य कार्यक्रमको समीक्षा गरिएको छ । नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा वार्षिक समीक्षा गरिएको हो ।

नगर भित्रका १६ वटा स्वास्थ्य संस्था, रामपुर अस्पताल र स्वास्थ्य शाखाबाट आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका कामको समीक्षा गरिएको स्वास्थ्य शाखाले जनाएको छ । स्वास्थ्य संस्था र शाखाले एक वर्षको अवधिमा सञ्चालन गरेका कार्यक्रम र प्रदान गरेका सेवाको समीक्षा गरिएको छ । कार्यक्रममा भौतिक अवस्था, पोषण कार्यक्रम, गर्भवती महिलाको अवस्था र पोषण, विभिन्न औषधीको उपलब्धता र वितरण, मातृ तथा नवशिशुको स्वास्थ्य अवस्था लगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा सहभागीले भौतिक संरचनामा सुधार गर्न आवश्यक रहेको र केही बालबालिका र शिशुमा कडा कुपोषण फेला परेकाले यसको न्यूनीकरणका लागि ध्यान दिनुपर्नेमा जोड दिएका छन् । कार्यक्रममा नगर प्रमुख रमणबहादुर थापाले समुदायमा आधारित रहेर स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक रहेको बताए । उनले गाउँका असहाय असक्त र वृद्धवृद्धाका लागि घर-घरमै पुगेर सेवा दिन स्वास्थ्यकर्मीहरुलाई निर्देशन दिएका छन् । समुदाय बेसमा रहेर सहज स्वास्थ्य सेवा प्रदान गर्न सके मात्र सेवा प्रभावकारी हुने उनको भनाई छ । साथै पछिल्लो केही वर्ष यता सर्ने रोग भन्दा नसर्ने रोगका विरामीको संख्यामा वृद्धि हुनु चिन्ताको विषय भएको भन्दै यसमा गम्भीर हुन आवश्यक रहेको नगर प्रमुख थापाले बताए । अव्यवस्थित खानपान र जीवनयापनका कारण नसर्ने रोग लागेका विरामीको संख्यामा वृद्धि भएको भन्दै यसका लागि सबै स्वास्थ्यकर्मीहरुले समुदायस्तरमा सचेतना फैलाउन आग्रह समेत गरे ।

जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका क्षयरोग तथा खोप अधिकृत विश्वनाथ न्यौपानेले स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीले उपचारात्मक भन्दा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा दिन आवश्यक रहेको बताए । साथै सेवाको गुणस्तरमा ध्यान दिनु पर्ने भन्दै जनप्रतिनिधि र सरोकारवालाको ध्यान पुग्न जरुरी रहेको उनले उल्लेख गरे । रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितको अध्यक्षता, स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेको स्वागत, नर्सिङ अधिकृट्ट पुनम धितालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## दोहोरो करको बोझ कम...

...उनीहरुले संविधानले व्यवस्था गरेबमोजिम आफुहरुले कर उठाउने गरे पनि प्रदेश र संघीय सरकारका कारण व्यवसायीहरु समस्यामा परेको उल्लेख गरे । व्यवसायीले दुई /तीन ठाउँबाट कर तिर्नुपर्ने व्यवस्थाको अन्त्य गर्न जरुरी रहेको उनीहरुको भनाई छ । उद्योगी,व्यवसायीहरुमा करको ज्ञानको अभाव भएकाले घरेलु कार्यलय कर सेवा कार्यालयले स्थानीय तहमा पुगेर कर शिक्षा दिनुपर्ने र त्यसका लागि आवश्यक सहजीकरण गर्न स्थानीय सरकार तयार रहेको उनीहरुले बताए । कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा व्यापार संघका अध्यक्ष विष्णुबहादुर कार्कीले दोहोरो करका कारण व्यवसायीहरु पलायन हुनुपर्ने अवस्था आएकाले त्यसतर्फ तिनै तहका सरकारले ध्यान दिनुपर्ने बताए । प्रमुख अतिथि जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले उद्योगी व्यवसायीहरुलाई सहजीकरण गर्ने दिशामा तीनै तहका सरकार लाग्नुपर्नेमा जोड दिए । उनीहरुले छलफलबाट आएका विषयहरुलाई जिम्मेवारपूर्वक कार्यान्वयन गर्न आग्रह गरे । घरेलु कार्यालयका वरिष्ठ उद्योग अधिकृत केशव सुनारले तीनै तहका सरकारबिच फर्म दर्तामा देखिएको दोहोरोपना हटाउनु, दर्ता नविकरणमा एकरुपता ल्याउनु, घरेलु कार्यालय र स्थानीय तहबिच दर्ता र नविकरणमा देखिएका अन्यौलता र असमझदारीहरु समाधान गर्न, जिल्लामा रहेका उद्योग तथा वाणिज्य फर्महरुको यथार्थ तथ्याङ्क राख्न, लगानीमैत्री वातावरण सिर्जना गर्न अन्तर्क्रिया कार्यक्रम महत्वपूर्ण हुनेमा विश्वास व्यक्त गरे । कार्यक्रममा वरिष्ठ अधिकृत सुनार र करदाता सेवा कार्यालयकी निमित्त कार्यालय प्रमुख योगमाया न्यौपानेले आ-आफ्ना कार्यालयका कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रम घरेलु कार्यालयका वष्ठि उद्योग अधिकृत केशव सुनारको अध्यक्षता, नायव सुब्बा कल्पना पौड्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## पर्यटन प्रवर्द्धनका लागि...

... एक करोड २५ लाखको लागतमा उक्त क्षेत्रमा ४२५ जिपलाइन र १८० मिटर स्काई साइक्लिङ निर्माण थालिएको बताउँदै शीघ्र सेवा सञ्चालनको तयारी भइरहेको नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले जानकारी दिए । यसले धार्मिक तथा ऐतिहासिक क्षेत्र रेसुङ्गालाई पर्यटकीय दृष्टिकोणले थप विकास गर्न मद्दत पुग्ने नगर प्रमुख पन्थीले बताए ।

रेसुङ्गा नगरपालिकाले सुरु गरेको 'जाउँ हिँड रेसुङ्गा' अभियानलाई थप टेवा पुग्ने उनले विश्वास व्यक्त गरे । रुरुक्षेत्र गाउँपालिकाले पनि स्याङ्जाको कालीगण्डकी गाउँपालिकासँगको साझेदारीमा रिडीको देवदत्तपार्कबाट स्याङ्जाको हनुमानबाटीका जोड्ने गरी जिपलाइन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ । जिल्लामा पछिल्लो समय स्थानीय पालिकाले पर्यटन प्रवर्द्धनका क्षेत्रमा लगानी बढाउन थालेका छन् ।

### खेलकुद समाचार

## यूएईमाथि नेपालको रोमाञ्चक जीत




**काठमाडौं,** असोज २७/आईसीसी टी-२० एशिया तथा इस्ट एशिया-प्यासिफिक छनोटको सुपर-६ मा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) माथि १ रनको रोमाञ्चक जीत निकालेको छ । नेपालले दिएको १ सय ४१ रनको लक्ष्य पछ्याएको यूएईले २० ओभरमा ९ विकेट गुमाएर १ सय ३९ रन मात्र बनाउन सक्यो । यूएईलाई अन्तिम ३ बलमा ३ रन चाहिएको अवस्थामा ३ विकेट गुमाएर १ रन मात्र जोड्न सक्यो । अन्तिम ओभरमा बलिङ गर्न आएका दीपेन्द्रले पहिलो ३ बलमा ७ रन दिए चौथो बलमा ध्रुव पराशरलाई क्याच आउट गराए भने पाँचौं बलमा हेदर अली र अन्तिम बलमा जाहिद अली रन आउट भए । यूएईका आलिशान शरफुले ५८,ध्रुव पराशरले ३२ रन बनाए । नेपालका दीपेन्द्रसिंह ऐरीले ३ तथा सोमपाल कामी, गुल्सन झा र सन्दीप लामिछानेले १/१ विकेट लिए । यसअघि ओमान क्रिकेट एकेडेमीको मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाएर १ सय ४० रन बनायो । नेपालका आसिफ शेखले सबैभन्दा धेरै ४७ बलमा ५१ रन बनाए । यूएईका जुनैद सिद्दिकी, मुहम्मद रोहिद, जाहिद अली, हेदर अली, हर्षित कौशिक र ध्रुव पराशरले १/१ विकेट लिए । यो जीतसँगै नेपालले सुपर-६ मा २ खेलमा ४ अङ्कसहित तालिकाको दोस्रो स्थानमा छ । २ खेलमा ४ अङ्क नै भएको ओमान नेट रन रेटका आधारमा शीर्ष स्थानमा छ । यूएई २ खेलमा २ अङ्कसहित तेस्रो स्थानमा छ । सुपर-६ मा समूह 'ए' बाट यूएई र कतार, समूह 'बी' बाट नेपाल र जापान तथा समूह 'सी' बाट ओमान र सामोआ पुगेका छन् । नेपालले अब सुपर-६ मा भोलि कतारसँग खेल्नेछ । यस्तै नेपालले बुधवार ओमान र शुक्रवार सामोआसँग खेल्नेछ । सुपर-६ मा शीर्ष ३ मा पर्ने टोलीले आउँदो वर्ष भारत र श्रीलङ्कामा हुने टी-२० विश्वकप खेल्न पाउनेछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## नेप्से ४४ अङ्कले बढ्यो



**पाल्पा,** असोज २७/सेयर कारोबार मापक नेप्से परिसूचक बढेको छ । सोमबार ४४ दशमलव २५ अंकले नेप्से बढेको हो । अघिल्लो दिनको तुलनामा सोमबार १ दशमलव ७६ प्रतिशतले बढेपछि समग्र नेप्से २ हजार ५ सय ४७ दशमलव ६० विन्दुमा उक्लेर बन्द भएको छ । आइतबार नेप्से ७८ दशमलव ८३ अंकले घटेको थियो ।

सोमबार ३ सय ३० कम्पनीको ९९ लाख चार हजार ८ सय ७४ कित्ता शेयर ४८ हजार ८ सय ३६ पटक खरिदबिक्री हुँदा चार अर्ब ९७ करोड ५४ लाख आठ हजार ५ सय ४५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । सो अवधिमा सबै समूहको उपसूचक हरियो देखिएको छ । बैङ्किङ शून्य दशमलव २८, विकास बैङ्क एक दशमलव ४१, वित्त एक दशमलव ०२, होटल तथा पर्यटन तीन दशमलव ३५, जलविद्युत् दुई दशमलव १०, लगानी दुई दशमलव २७ र जीवन बीमा समूह एक दशमलव ९२ प्रतिशतले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ५६, लघुवित्त शून्य दशमलव ६३, म्युचुअल फन्ड शून्य दशमलव ३२, निर्जीवन बीमा एक दशमलव ४४, व्यापार दुई दशमलव ८१ र अन्य समूह पाँच दशमलव ०१ प्रतिशतले बढेको छ । नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड र क्रेष्ट माइक्रो इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै गुमाउनेमा भने कर्पोरेट डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्य पाँच दशमलव २६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको ३१ करोड ९१ लाख चार हजार ७ सय ३२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै लक्ष्मी सनराइज बैङ्क लिमिटेडको पाँच लाख २३ हजार २ सय ३३ कित्ता शेयर किनबेच भएको हो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई